विधेयक संख्याः

# ऋण तथा जमानत (तेइसौं संशोधन) विधेयक

२०७६

संघीय संसद सचिवालय
सिंहदरबार, काठमाडौं ।

# उद्देश्य र कारण

नेपाल सरकारले विकास कार्यको निमित्त संघीय सञ्चित कोष वा अन्य संघीय सरकारी कोष धितो राखी आवश्यकता अनुसार ऋण लिन र जमानत दिन वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हो।

(डा. युवराज खतिवडा)
अर्थ मन्त्री

# ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "ऋण तथा जमानत (तेइसौं संशोधन) ऐन, २०७६" रहेको छ।

(२) यो ऐन सम्वत् २०७६ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ मा संशोधनः** ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ को उपदफा (१) मा रहेका "दश खर्ब रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "बाह्र खर्ब रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन्।